स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री तथा निर्मात्री केकी अधिकारीले होम प्रोडक्सन फिल्म 'बोक्सीको घर'को आधिकारिक पोस्टर सार्वजनिक गरेकी छन् । बसन्त पञ्चमीको अवसरमा उनले आफूले निर्माण गरेको फिल्मको पोस्टर ल्याएकी हुन् । पोस्टरमा चन्द्रमाको प्रकाश र रातमा रुखमुनि रातो सारी लगाएकी महिला चित्रण गरिएको छ । कथित बोक्सी प्रथाको नाममा महिलालाई कसरी पीडित तुल्याइन्छ भन्ने कथावस्तुमा यो फिल्म निर्माण भएको छ । यो फिल्म वैशाख १४ गते प्रदर्शन हुँदैछ ।

आजको विचार...



काँग्रेस...
(दुई पेजमा)

सुदर्शन आचार्य



मोडल नीति शाहको डेब्यू फिल्म 'खजुरे ब्रो'को सम्पूर्ण छायांकन सकिएको छ । काठमाडौं र धरानमा २५ दिन खिचेपछि फिल्म 'प्याकअप' भएको कार्यकारी निर्माता डायमन्ड उप्रेतीले जानकारी गराए । नीतिको भागको छायांकन भने एक हप्ताअघि नै सकिएको थियो । उनले यसअघि सम्झौता गरेका चारवटा फिल्ममध्ये कुनै पनि निर्माण नभएपछि 'खजुरे ब्रो'बाट डेब्यू गरेकी हुन् । फिल्ममा धरान उपमहानगर पालिकाका प्रमुख हर्क साम्पाङ पनि विशेष भूमिकामा छन् । फिल्मलाई सुरज सुनुवारले निर्देशन गरेका हुन् ।

❒ वर्ष २९ ❒ अंक १९८ ❒ २०८० फागुन ३ गते बिहीबार 15 February 2024, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### आजदेखि मौसममा सुधार हुने



**पाल्पा,** फागुन २/केही दिनदेखि मौसम खुल्न सकेको छैन । पश्चिमी वायुको प्रभावका कारण देशभरका अधिकांस ठाउँहरुमा आंशिकदेखि सामान्य बदली रहँदै आएको छ । केही दिनसम्म खुल्न नसकेको मौसम आज (बिहीबार) देखि भने सुधार हुँदै जाने जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

बुधबारसम्म सुदूरपश्चिम र कर्णाली प्रदेशको आकाश खुलिसकेको बताइएको छ । उक्त मौसमी प्रणाली देशको पश्चिम भेगबाट क्रमश: पूर्वीभेगतिर सरिरहेकाले आजदेखि मौसममा सुधार आउने मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । बुधबार पाल्पा सहित देशका अधिकांश भागमा मौसम खुल्न सकेन । सो दिन मधेश प्रदेशका एक/दुई स्थान तथा काठमाडौँका केही स्थानमा छिटफुट वर्षा समेत भएको थियो । बुधबार राति कोशी, बागमती र गण्डकी प्रदेशका उच्चपहाडी तथा हिमाली भू-भागका थोरै स्थानमा हल्का हिमपात भएको थियो ।

# पाल्पा जिप दुर्घटना : मृतक १० जनाकै पहिचान खुल्यो

## घाइतेहरुको अवस्था बुझ्न सांसद राना सहित काँग्रेस नेताहरु अस्पतालमा

### घाइतेको उपचारमा कमी हुन नदिन आग्रह

**रामचन्द्र रायमाझी**

**पाल्पा,** फागुन २/पाल्पाको तिनाउ गाउँपालिका-६, मस्यामको चिदिसमा जिप दुर्घटनामा मृत्यु हुने १० जनाकै पहिचान खुलेको छ । सिद्धार्थ राजमार्गको डुम्रेबाट चिदिस जाँदै गरेको लु १ ज २३७१ नम्बरको जिप मंगलबार मस्यामस्थित इको फार्म हाउस नजिकै भित्री कच्ची सडकखण्डमा दुर्घटना हुँदा ८ जनाको घटनास्थलमा र २ जनाको उपचारका लागि अस्पताल लैजादै गर्दा बाटोमा मृत्यु भएको थियो । मंगलबार राति अबेरसम्म पनि आफन्त नआएकाले मृतकको पहिचान हुन सकेको थिएन ।

मृत्यु हुनेमा तिनाउ गाउँपालिका-६ मस्यामका ६० वर्षीया यनकुमारी पन्त, तिनाउ-६ का ३९ वर्षीय रामबहादुर अस्लामी, सोही स्थानका ६७ वर्षीय कृष्णबहादुर अस्लामी, २८ वर्षीय उर्मिला अस्लामी, रुपन्देही बुटवल उपमहानगरपालिका-१४ तामनगरका ७० वर्षीय चन्द्र रणपाल र सोही स्थानका ६० वर्षीय चुना रणपाल रहेका छन् । यसैगरी तिनाउ-२ खुर्सानेकी २० वर्षीय गीता सुनार, रिब्दिकोट गाउँपालिका- १ ख्याहाकी ६६ वर्षीया विष्णुकला कामी, सोही ठाउँकै







६५ वर्षीया दिलकुमारी सुनार, रुपन्देही देवदह नगरपालिका-५ का २९ वर्षीया दिलमाया जिसीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक डिएसपी सुगन्ध श्रेष्ठले जानकारी दिए । उनका अनुसार दुर्घटनामा १६ जना घाइते भएका छन् । घाइतेको लुम्बिनी मेडिकल कलेज प्रभासमा उपचार भइरहेको छ । घाइतेमध्ये ३६ दिने बालकसहित १६ जनाको उपचार भइरहेको प्रहरीले जनाएको छ । क्षमताभन्दा बढी यात्रु बोकेकाले उकालो र कच्ची बाटो हुँदा जिप दुर्घटना भएको हुन सक्ने बताइएको छ । जिप सडकबाट करिब तीन सय मिटर तल खसेको थियो ।

जिप चालक तानसेन नगरपालिका-१० का ४५ वर्षीय दानबहादुर चिदीलाई प्रहरीले नियन्त्रणमा लिएको छ । दुर्घटनाबारे प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ ।

**घाइतेहरुको अवस्था बुझ्न सांसद राना सहित काँग्रेस नेताहरु अस्पतालमा**

यस्तै लुम्बिनी प्रदेश सांसद वीरबहादुर राना जिप दुर्घटनाका घाइतेहरुको अवस्था बुझ्न अस्पताल पुगेका छन् । उनी घटना घटेको थाहा पाउन साथ उपचारत घाइतेहरुको अवस्था बुझ्न पाल्पास्थित लुम्बिनी मेडिकल कलेज प्रभास पुगेका हुन् । अस्पतालमा घाइतेहरुलाई भेटेर सांसद रानाले शिघ्र स्वास्थ्य लाभको कामना गर्दै उपचारमा कुनै पनि कमी हुन नदिन अस्पताललाई आग्रह समेत गरेका छन् । सांसद रानाले उपचाररत घाइतेहरुको सहयोगका लागि स्थानीय, प्रदेश र संघीय सरकारलाई आग्रह गर्ने र समन्वयकारी भूमिका खेल्ने समेत बताए । रानासँगै काँग्रेस नेताहरु अस्पताल पुगेका छन् । नेपाली काँग्रेस पाल्पाका कार्यवाहक सभापति झपेन्द्र गहिरे, पार्टी सचिव सुनिता अधिकारी, कोषाध्यक्ष मोहन श्रेष्ठ, काँग्रेस पाल्पा क्षेत्र नं २ का क्षेत्रिय सभापति मुक्तिराम जिसी, तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठ, तानसेन-७ का वडा अध्यक्ष प्रदिप खनाल, युवा नेताहरु सुरेश बोहोरा, गिरीजा गैरे, दीपक कार्की लगायतका नेताहरु अस्पताल पुगेर घाइतेहरुको अवस्था बारे जानकारी लिएका छन् ।

## जिप दुर्घटनाका घाइतेहरुको लागि तानसेनमा रक्तदान



**कृष्ण पोखरेल**

**पाल्पा,** फागुन २/जिल्लाको तिनाउ गाउँपालिका-६, मस्यामको चिदिसमा मंगलबार भएको जिप दुर्घटनामा परी घाइते भएकाहरुकमो लागि रक्तदान गरिएको छ । घाइते विरामीहरुको शल्यक्रिया तथा उपचारको लागि रगतको आवश्यकता परेपछि नेपाल रेडक्रस सोसाईटी पाल्पाले रक्तदान कार्यक्रम गरी रगत संकलन गरेको हो ।

सामाजिक सञ्जालमा सूचना राखी रेडक्रस पाल्पाले जिल्ला प्रशासन कार्यालय अगाडि रक्तदान कार्यक्रम गरेको हो । लुम्बिनी मेडिकल कलेजको प्राविधिक सहयोग, रेडक्रस पाल्पाका पदाधिकारी, कर्मचारी तथा श्रीनगर युवा रेडक्रस सर्कलका युवाहरुको सहभागितामा रगत संकलन कार्यक्रम गरिएको थियो । रगत संकलन कार्यक्रममा स्वतस्फुर्त रुपमा युवाहरुको सहभागिता रहेको थियो । रेडक्रसले सञ्चालन गरेको आपतकालिन रगत संकलन कार्यक्रमबाट ३७ युनिट रगत संकलन भएको रेडक्रस पाल्पा शाखाका अधिकृत विनोद भारतीले बताए ।

*(...बाँकी अन्तिम पेजमा)*

## तिनाउ गाउँपालिकाद्वारा शोक बिदा, मृतकका परिवारलाई ३५ हजार दिने निर्णय

**पाल्पा,** फागुन २/जिल्लाको तिनाउ गाउँपालिका-६,मस्यामको चिदिसमा मंगलबार भएको जिप दुर्घटनामा १० जनाको मृत्यु भएपछि गाउँपालिकाले बुधबार शोक विदा दिएको छ । पालिकाभित्र भएको कहालीलाग्दो दुर्घटनामा ज्यान गुमाएका सबै मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्दै तिनाउ गाउँ सरकारले शोक बिदा दिएको हो ।

गाउँपालिकाभित्र सञ्चालनमा रहेका सम्पूर्ण कार्यालयहरुमा एक दिन शोक विदा दिइएको गाउँपालिकाका अध्यक्ष प्रेम श्रेष्ठले जानकारी दिए । उनका अनुसार पालिकाभित्रका मात्रै ५ जनाको अकालमै ज्यान गएको छ । सिद्धार्थ राजमार्गको डुम्रेबाट चिदिस जाँदै गरेको लु १ ज २३७१ नम्बरको जिप मंगलबार मस्यामस्थित इको फार्महाउस नजिकै भित्री कच्ची सडकखण्डमा दुर्घटना हुँदा ८ जनाको घटनास्थलमा र २ जनाको उपचारका लागि अस्पताल लैजादै गर्दा बाटोमा मृत्यु भएको थियो । दुर्घटनामा १६ जना घाइते




भएका छन् । घाइतेको लुम्बिनी मेडिकल कलेज प्रभासमा उपचार भइरहेको छ । घाइतेमध्ये ३६ दिने बालकसहित १६ जनाको उपचार भइरहेको प्रहरीले जनाएको छ । गाउँपालिकाले मृत्यु भएका पालिका भित्रका परिवारलाई जनही ३५ हजार रुपैयाँको दरले राहत दिने समेत निर्णय गरेको छ । गाउँ कार्यपालिकाको बैठकले पालिकास्तरीय विपद् व्यवस्थापन कोषबाट उक्त रकम दिने निर्णय गरेको गाउँपालिका अध्यक्ष श्रेष्ठले जानकारी दिए । घाइतेको उपचारका लागि पालिकाले कुनै कमी हुन नदिने उनले बताए । 'दुर्घटनामा पालिकावासीले ज्यान गुमाएकोमा हामी शोकमा छौं, त्यसकारण एक दिन शोकमा बिदा दिएका हौं' अध्यक्ष श्रेष्ठले भने ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## ‘भ्यालेन्टाइन डे’ को सार्थकता

हरेक वर्षको १४ फेब्रुअरीका दिन ‘प्रेम दिवस’ अर्थात् ‘भ्यालेन्टाइन डे’ मनाउने गरिन्छ । यस वर्षको दिवस बुधबार मनाइएको छ । प्रेम र मानवताका पुजारी भ्यालेनटाइनले प्रेमको निम्ति मुत्युवरण गरेको दिनको सम्झनामा इटालीको राजधानी रोमबाट भ्यालेन्टाइन डे मनाउन सुरूवात भएको हो । पश्चिमी मुलुकबाट सुरूवात भएको यस दिवस नेपालमा पनि संस्कृतिको रूपमा विकास हुँदै गइरहेको छ । दिवसलाई प्रेम जोडीहरूका लागि महत्वपूर्ण दिनका रुपमा लिने गरिन्छ । जोडी खोज्दै गरेका तथा प्रेम प्रस्ताव राख्ने मनसाय बनाएकाहरूका लागि पनि प्रणय दिवस उत्तिकै महत्वपूर्ण छ । प्रायः पश्चिमा देशहरुमा मनाइने यो दिवस पछिल्ला केही वर्षमा नेपालमा पनि निकै महत्वका साथ मनाउँदै आइएको छ । युवाहरुले त यो दिनलाई उत्सवकै रुपमा मनाउने गरेका छन् । भ्यालेन्टाइन डे का बारेमा सबैका आ–आफ्नै धारणा छन् । कसैले पश्चिमको संस्कृति भएकाले यसलाई मनाउन आवश्यक नभएको भन्छन् त कोही राम्रो पक्षलाई अनुसरण गरेर मनाउनुपर्ने बताउँछन् ।

विशेषगरी युवाहरूबीच लोकप्रिय यस दिवसमा विकृति पनि बढ्दै गइरहेको छ । प्रेमलाई भन्दा क्षणिक भावनात्मक आवेग र शारीरिक आकर्षणलाई केन्द्रमा राखेर गरिने गतिविधिलाई नै हामी कहाँ भ्यालेन्टाइन डे अर्थात् प्रणय दिवस भनेर बुझ्ने र मनाउने गरिँदै आएको छ । जुन गलत मात्र होइन, खतरनाक पनि छ । अचेल सबैमा प्रेम सहज र सस्तो भएको छ । प्रेमलाई अहिलेका युवाहरूले टाइमपास गर्ने माध्यम बनाएका छन् । मन लागेका बेला प्रेमको नाटक रच्यो नलाग्दा त्यसैलाई बलिको बोका बनाउने गर्न थालिएको छ । तर यसो हुनु गलत हो । साँचो प्रेममा त्याग हुन्छ, विश्वास हुन्छ । माया प्रेमले जीवनलाई नै रंगीन बनाउँछ, जीवनका गोरेटोहरूको पाइला चाल्न सहज बनाउँछ । यसर्थ प्रणय दिवसलाई विकृति र विसंगतिको रूपमा होइन एकअर्काको मनोभावना बुझेरमात्रै प्रणय दिवस मनाउन जरुरी छ । माया, सद्भावका रुपमा सबैमा ग्रहण गर्न सकियो भने मात्र दिवसको सार्थकता रहन्छ ।

## Opinion @ Social Network

कठिन समयको गतिलो जवाफ मुस्कान हो भने
गलत बुझाइको सही जवाफ मौनता हो...।
(अमर सिंहको फेसबुक स्टाटसबाट https://www.facebook.com/gulmileamar.raj)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# काँग्रेस महासमितिका प्रमुख कार्यभार



सुदर्शन आचार्य

पार्टी नेतृत्वका कारण आजको काँग्रेस ठ्याक्कै त्यही विन्दुमा पुगेको छ । तसर्थ, काँग्रेसको ‘नवजीवन’ सहितको सुधारका निम्ति समयमै ‘राष्ट्रिय महाधिवेशन’ गरेर ‘विचार र उमेर’ले युवाको हातमा पार्टीको नेतृत्व हस्तान्तरण अनिवार्य शर्त हो । तर यो काम ‘चानचुने प्रयत्न’ले मात्रै हुन सक्दैन । किनकि काँग्रेसभित्रको ‘परम्परागत’ जालो तोड्न सजिलो छैन । नेपाली काँग्रेसको पार्टी केन्द्रीय महाधिवेशन पश्चात्को उपल्लो ‘बडी’ हो– महासमिति बैठक । आसन्न महासमिति बैठकले काँग्रेसको निर्धारित मितिमै महाधिवेशनको ग्यारेन्टी सहित अन्य नीति उपर विहंगम बहस गर्न सक्दा मात्रै काँग्रेस श्रेष्ठतम दलका रूपमा स्थापित भैरहन सम्भव छ । तिथिमितिका हिसाबले काँग्रेस महाधिवेशन २०८२ मंसिरमा गर्नुपर्ने हुन्छ । ठूलै विपत्ति आइलागे बाहेक महाधिवेशन सार्ने चालबाजी गरियो भने कार्यकर्ता तहबाट दबाब सिर्जना गर्नुको विकल्प नरहन सक्छ । किनकि, काँग्रेस सभापति शेरबहादुर देउवामा हिजो संस्थापन नेता बीपी कोइरालाले रुचाएको बेलाको झैं ‘चार्मिङ’ पटक्कै छैन । सुदूरपश्चिमबाट राष्ट्रिय राजनीतिमा प्रवेश गरेका तत्कालीन युवा नेता देउवालाई बीपी कोइरालाले त्यस समयमा असाध्यै प्रिय ठानेका थिए । तर, तिनै देउवा आज ‘सम्भ्रान्त’ बाहेक पार्टीका ‘नेता–कार्यकर्ता’का प्रिय रहन सकेनन् । तसर्थ, ‘लोकतन्त्र’को हितका खातिर पनि काँग्रेसको महाधिवेशन निर्धारित मितिमै सम्पन्न गरेर ‘नेतृत्व परिवर्तन’ गर्नु आवश्यक छ ।

कुनै पनि राजनीतिक दलको जन्म केवल सत्तामा पुग्नका लागि मात्रै हुँदैन । सामाजिक र राजनीतिक रूपमा कुनै पनि दल जब जनताबाट विच्छेद भई ‘सत्ता’ लाई केन्द्रमा राख्न पुग्दछ, त्यतिबेला बुझ्नै पर्ने हुन्छ- उक्त दल लोकतन्त्रको हितका खातिर सतिसाल भएर उभिन सक्दैन । पार्टी नेतृत्वका कारण आजको काँग्रेस ठ्याक्कै त्यही विन्दुमा पुगेको छ । तसर्थ, काँग्रेसको ‘नवजीवन’ सहितको सुधारका निम्ति समयमै ‘राष्ट्रिय महाधिवेशन’ गरेर ‘विचार र उमेर’ले युवाको हातमा पार्टीको नेतृत्व हस्तान्तरण अनिवार्य शर्त हो । तर यो काम ‘चानचुने प्रयत्न’ले मात्रै हुन सक्दैन । किनकि काँग्रेसभित्रको ‘परम्परागत’ जालो तोड्न सजिलो छैन । नेपाली काँग्रेसको पार्टी केन्द्रीय महाधिवेशन पश्चात्को उपल्लो ‘बडी’ हो- महासमिति बैठक । आसन्न महासमिति बैठकले काँग्रेसको निर्धारित मितिमै महाधिवेशनको ग्यारेन्टी सहित अन्य नीति उपर विहंगम बहस गर्न सक्दा मात्रै काँग्रेस श्रेष्ठतम दलका रूपमा स्थापित भैरहन सम्भव छ । तिथिमितिका हिसाबले काँग्रेस महाधिवेशन २०८२ मंसिरमा गर्नुपर्ने हुन्छ । ठूलै विपत्ति आइलागे बाहेक महाधिवेशन सार्ने चालबाजी गरियो भने कार्यकर्ता तहबाट दबाब सिर्जना गर्नुको विकल्प नरहन सक्छ । किनकि, काँग्रेस सभापति शेरबहादुर देउवामा हिजो संस्थापन नेता बीपी कोइरालाले रुचाएको बेलाको झैं ‘चार्मिङ’ पटक्कै छैन । सुदूरपश्चिमबाट राष्ट्रिय राजनीतिमा प्रवेश गरेका तत्कालीन युवा नेता देउवालाई बीपी कोइरालाले त्यस समयमा असाध्यै प्रिय ठानेका थिए । तर, तिनै देउवा आज ‘सम्भ्रान्त’ बाहेक पार्टीका ‘नेता-कार्यकर्ता’का प्रिय रहन सकेनन् । तसर्थ, ‘लोकतन्त्र’को हितका खातिर पनि काँग्रेसको महाधिवेशन निर्धारित मितिमै सम्पन्न गरेर ‘नेतृत्व परिवर्तन’ गर्नु आवश्यक छ । यसपछि यसका नीति तथा कार्यक्रम माथि गम्भीर बहस र छलफल अगाडि बढाउनु जरूरी छ ।

**प्रत्यक्ष निर्वाचन प्रणाली**

पार्टीले सार्वजनिक गरेको तथ्यांक अनुसार काँग्रेससँग आजका मितिमा आठ लाख पचास हजार क्रियाशील सदस्य छन् । पार्टीको राष्ट्रिय महाधिवेशन सम्पन्न हुने वर्ष काँग्रेसमा ‘क्रियाशील सदस्यता’ को विषयमा ‘चरम घरझगडा’ हुने गर्दछ । कतिसम्म भने आफ्ना मान्छेलाई बुथबाटै प्रतिनिधि छनोट गर्न ‘ब्याकडोर’बाट हजारौं सदस्यताका फारम ‘कथित’ क्रियाशीलका नाममा वितरण गरेर ‘जालझेल’को राजनीति बुथबाटै गर्ने परम्परा छ । त्यो परम्परा तोडेर कार्यकर्ताको रोजाइको नेतृत्व चयन गर्न पनि कार्यकर्ताले सीधै केन्द्रीय नेतृत्व चयनका लागि ‘प्रत्यक्ष निर्वाचन प्रणाली’ अंगीकार गर्न सक्दा मात्र काँग्रेस कार्यकर्ता र जनताको पार्टीमा रूपान्तरण सम्भव छ । काँग्रेसले आजका मितिसम्म बीपी, सुवर्णशमशेर, गणेशमान, किसुनजी र गिरिजाप्रसाद कोइरालाका नाममा ‘इतिहासको ब्याज’ उठाउँदै आयो । तर २०६२-६३ को आन्दोलनमा जन्मिएको ‘एउटा बालक’ अब मतदाता भएर आइसक्यो । त्यो युवाको मन जितेर काँग्रेसले आफ्नो पक्षमा मतदान गर्न लगाउन ‘इतिहास भट्याएर’ मात्रै पुग्दैन । ‘काँग्रेसलाई भोट किन दिने ?’ भन्ने विषयमा चित्तबुझ्दो जवाफ अब काँग्रेसले युवालाई दिन सक्नुपर्दछ । हुनत, काँग्रेस महामन्त्री गगनकुमार थापा यही विषयको खोजीका निम्ति ‘मेची-काली यात्रा’ पछि राजधानी फर्किएका छन् । अबको मतदाताले ‘इतिहास’ हेरेर नभई ‘एजेण्डा’ हेरेर मात्रै मतदान गर्नेछन् । तसर्थ, महासमिति बैठकले जनताबीच लैजाने एजेण्डा सहित आफ्नो नेतृत्व चयन ‘प्रत्यक्ष निर्वाचन प्रणाली’को बाटो तय गर्न सक्नुपर्दछ ।

**युवाको काँधमा नेतृत्व**

राजनीतिक रूपमा वर्तमानको वेगलाई थेग्नै नसक्ने गरी बुढो भयो काँग्रेस नेतृत्व । त्यसो त, मूलधारका दलहरू र ती दलबाट प्रधानमन्त्री र पार्टी सभापति भइसकेका नेताहरू ‘उमेर र विचार’ले ‘फेज आउट’ नै भइसकेका छन् । तर, उनीहरूमा आफूहरू ‘फेज आउट’ भएको थाहा पाउन चाहँदैनन् । किनकि यसो गर्नुमा उनीहरूको हित निहित छ । पार्टी निर्माणको ६-७ दशक पार गरेका दलले आफ्नो अस्तित्व कायमै राख्ने हो भने ‘उमेर र विचार’ले युवाको काँधमा पार्टी र संसदीय दलको नेतृत्व सुम्पनु श्रेयस्कर हुन्छ । जसको सन्देश हो- काँग्रेसमा रूपान्तरण सम्भव छ । किन पनि भने काँग्रेसको पछिल्लो नेतृत्वले त ‘नागरिकको आकांक्षा’ भन्दा नेता विशेषकै चाहनामा पार्टीलाई प्रयोग गर्दै आएको छ । जसका कारण नेपाली काँग्रेसले ‘भारतीय काँग्रेस’कै बाटो समाइरहेको छ भन्ने मनोविज्ञान बलियो बन्दै गएको छ । तसर्थ, प्रतिनिधिमूलक रूपमा नाम लिइने ‘गगन, विश्व, प्रदीप’ जस्ता युवाको काँधमा पार्टी नेतृत्व लैजाने बाटोमा महासमिति बैठकले छलफल गर्न सक्दा ‘काँग्रेस र लोकतन्त्र’ एकातिर बलियो हुनेछ भने अर्कातिर काँग्रेसको ‘आदर्श र सिद्धान्त’ पनि लिलाम बढाबढ हुनबाट जोगिनेछ ।

**संसदीय दलको नेता परिवर्तन**

जोड-घटाउका आधारमा काँग्रेस संसदीय दलको नेता पदमा आज शेरबहादुर देउवा छन् । काँग्रेसभित्र संसदीय दलको नेता परिवर्तन सम्भव नहुञ्जेल संसद्को यही कार्यकालभित्र कुनै ‘चामत्कारिक घटना’ भएन भने उनी छैटौं पटक प्रधानमन्त्री समेत हुनेछन् । यहाँनेर प्रश्न उठ्छ- उनी छैटौं पटक प्रधानमन्त्री हुनका निम्ति उनीसँग मुलुकका लागि गर्न चाहेको र अधुरो रहेको विषय के छ ? मुलुक निर्माणमा अभूतपूर्वक योगदान दिएर बाँकी कार्यभार पूरा गरेर राजनीतिबाट विश्राम लिन चाहेकै हो भने ‘त्यो विकास र राजनीति हिसाबले अभूतपूर्व’ काम के भन्ने प्रश्नको जवाफ अब देउवाले आसन्न महासमिति बैठकमा नदिई सुख छैन । अर्थात् अघिल्ला पाँच पटकमा के कारणले त्यो काम हुन सकेन जसका कारण देउवा छैटौं पटक मुलुकको प्रधानमन्त्री बन्दैछन् । यसबारेमा उनले मुलुकसामु मुख खोल्नै पर्छ । अन्यथा, आफ्नै कार्यकर्तालाई पनि ‘भूलभुलैया’मा राख्ने नैतिक अधिकार कुनै पनि राजनीतिक नेतृत्वलाई हुँदैन र हुनुहुँदैन । तर, यस पूर्व आसन्न महासमिति बैठकमा सभापति देउवाको कार्यकालको गम्भीर समीक्षा गर्दै काँग्रेसलाई ‘प्रजापरिषद्’ हुनबाट जोगाउन ‘पार्टी र संसदीय दल’ दुवैबाट नेतृत्व परिवर्तन जरूरी छ । अर्को कुरा के भने कार्यकर्ताले अपमान पनि एक हदसम्म मात्रै सहन सक्छन् । बैठकमा सहभागी महासमिति सदस्यले पार्टी नेतृत्वद्वारा गरिने अपमानजनक व्यवहार सहन नसकी काँग्रेस नै छाड्ने तहसम्म नपुगुन् भन्नेमा नेतृत्वले ख्याल पुर्‍याउनुपर्छ । काँग्रेस कार्यकर्ताले पार्टीप्रति ‘अपनत्व महशुस’ गर्न महासमितिले लिने निर्णय नै सबै कुरा हो । निर्धारित मितिमा राष्ट्रिय महाधिवेशन, नीति र कार्यक्रम माथि गम्भीर छलफल, प्रत्यक्ष निर्वाचन प्रणाली अनि विचार र उमेरले युवाको काँधमा पार्टी नेतृत्व अनि संसदीय दलको नेता परिवर्तन अहिलेको मुख्य जिम्मेवारी हो । उल्लिखित विषयमा महासमिति बैठकले ठोस निर्णय लिन नसक्ने हो भने पार्टीलाई ‘प्रजापरिषद्’ बन्नबाट रोक्न मुश्किल हुनेछ ।

*-अनलाइन खबर डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : कुनै कुराले मनमा शान्ति छाउनेछ। समाजसेवामा मन लाग्नेछ।

**वृष** : आफ्नो विचार विपरित निर्णय हुनेछ । काममा उल्झन आउनेछ ।

**मिथुन** : राजनीतिक कार्यमा ख्याति कमाउने योग छ । सन्तान सुख मिल्नेछ।

**कर्कट** : सामाजिक कार्यमा सफलता मिल्नेछ । वैदेशिक काम अघि बढ्नेछ।

**सिंह** : व्यवसायमा आदर्श व्यक्तित्वसँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ ।

**कन्या** : सचेत रहनुहोला, तर आफन्तको साथ र सहयोग मिल्नेछ ।

**तुला** : महिला वर्गबाट सहयोग मिल्नेछ। शिक्षामा सफलता मिल्नेछ ।

**बृश्चिक** : नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। रोकिएको धन हात पर्ला ।

**धनु** : भूमिबाट लाभ रहनेछ । नयाँ व्यक्तिसँग भेटघाट हुनेछ ।

**मकर** : मनको डरले सताए पनि व्यवहारमा भने फाइदा हुनेछ ।


**कुम्भ** : शुभकार्यको चर्चा चल्नेछ । रमणीय र सुखद यात्राको योग छ ।

**मिन** : कला, संगीतमा रुचि बढ्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ ।




बाल कथा • ज्ञान उदास

# उँट र स्याल



एकदिन स्याल र उँटको भेट भयो । अचानक उँटलाई देख्ने बित्तिकै स्यालले उँटसाग उसको परिचय माग्यो र आफ्नो परिचय पनि दियो । यसरी परिचयको आदान प्रदान भएपछि उनीहरू एक अर्काको अभिन्न मित्र बने । आफ्नो गाउँमा एक्कासि उँटसाग भेट गर्ने सुवर्ण अवसर पाएको सुखद उपलक्ष्यमा स्यालले उँटसँग मित लाउने प्रस्ताव राख्यो । प्रस्ताव स्वीकृत भयो । उनीहरूले 'मित' लगाए र त्यस रात स्यालको अनुरोधमा उँट पनि मितको घरमा बस्यो । भोलिपल्ट बिहान भयो । समयमै उँट र स्याल दुबै ब्याँझिए । बेला यस्तै हिउँदको थियो । मितहरू दुबै बसेर सल्लाह गर्न थाले । स्यालले भन्यो- 'मितज्यू' अब आजको योजना म बनाउँछु, त्यसैअनुरूप चलु, भोलिको लागि तपाई बनाउनुहोला, हुन्न ?' उटले मित्रको कुरा मञ्जुर गऱ्यो । उनीहरू बसेको गाउबाट पारिपट्टी माझीगाउ स्पष्टै देखिन्थ्यो । रातभरी माझी गाउमा कुखुरा बासेको सुनेर स्यालको मुखबाट ऱ्याल चुहिरहेको थियो तर माझी गाउ पुग्न उसलाई एक ठूलो समस्या थियो, किनभने तल फेदीमा शान्त, गम्भीर र विशाल अरुण नदी बगिरहेको थियो । नदी कसरी पार गर्ने स्याल यही सोचमा थियो । निकै बेरसम्म वातावरण शान्त भयो । स्याल केही बोल्न सकिरहेको थिएन । त्यसै घोरिएर बसिरहेको देखेर उटले भन्यो- 'मितज्यू' खै त तपाईको योजना ? किन के सम्भिmन थालेउ ? स्याल पीडा मिश्रित भावमा अलिकति हास्यो । उसले भन्यो- 'योजना त बनाइसकेँ, तर एउटा समस्याले गर्दा पो...' वाक्य पूरा हुन नपाउँदै सोध्यो- 'कस्तो समस्या ? भन्नोस् न, तै म पूरा गर्न सक्छु कि ?' 'ऊ पारि माझिगाउँ देख्नुभो, मितज्यूले ?' उँटले गर्धन उठाएर हेर्दै भन्यो- 'देखेँ ।' 'वस त्यहाँ एउटा माझीको ठूलो उखुबारी छ । आज त्यही माझीगाउँ पुगेर उखु खाने मेरो विचार छ । तर त्यो हामी जाने पहाडको फेदीमा अरुण नदी बगिरहेको छ । त्यो कसरी पार गर्ने ? यही समस्या मैले सुल्झाउन सकिन' स्यालले अलि खुसी भएर भन्यो । हिजो खाना पर्याप्त खान नपाएकाले उँटलाई पनि केही भोक लागिरहेको थियो । स्यालको कुरा उसलाई चित्त बुझ्यो र भन्यो- 'मितज्यू' म हुदाहुँदै पनि त्यो समस्या के समस्या ? तपाई मेरो पिठ्यूँमा बस्नोस्, हामी दुबै सुविस्तासाथ पारी पुगौला ।' उटको दरो आट देखेर खुसी हुदै स्याल अघि लाग्यो र उट उसको पछिपछि लाग्यो । स्वभावैले स्याल छट्टु र अविश्वासी हुन्छ । ऊ सोच्दै हिड्न थाल्यो- 'साथीलाई लगेर उखुबारीमा छोड्नुपऱ्यो र उसलाई झुक्याएर बारीको छेउतिर बसेर कराइदिनुपऱ्यो । गाउँलेहरू 'उखु खान पसेछ' भनी हस्याङ्ग फस्याङ्ग गर्दै बारीतिर पस्छन् । आफ्नो पालो हिजो रातभरि बासेको भालेचाहि निखार्नुपर्ला' यस्तै कुरा सोच्दै दुवैजना फेदीमा पुगे । नदी अविरल बगिरहेको थियो । नदीतिर ओर्लदै उँटले भन्यो- 'लौ त मितज्यू' आउनोस् मेरो पिठ्यूमाथि बस्नोस् ।' स्याल रमाउँदै पिठ्यूमा बस्यो । ऊ मनमनै सोच्दै थियो- 'आज भने माझीको कुखुरा पनि तुर्ने भए, साथीलाई पनि गोदाई खुवाउने भए ।' दुबै पारि पुगे र उकालो चढ्न थाले ।

> ***समयमै उँट र स्याल दुबै ब्याँझिए । बेला यस्तै हिउँदको थियो । मितहरू दुबै बसेर सल्लाह गर्न थाले । स्यालले भन्यो- 'मितज्यू' अब आजको योजना म बनाउँछु, त्यसैअनुरूप चलु, भोलिको लागि तपाई बनाउनुहोला, हुन्न ?' उटले मित्रको कुरा मञ्जुर गऱ्यो । उनीहरू बसेको गाउबाट पारिपट्टी माझीगाउँ स्पष्टै देखिन्थ्यो । रातभरी माझी गाउमा कुखुरा बासेको सुनेर स्यालको मुखबाट ऱ्याल चुहिरहेको थियो तर माझी गाउ पुग्न उसलाई एक ठूलो समस्या थियो, किनभने तल फेदीमा शान्त, गम्भीर र विशाल अरुण नदी बगिरहेको थियो ।***

उकालो त्यति लामो थिएन र छिट्टै दुबैजना उखुबारीभित्र पुगे । बारीभित्र पुगेपछि स्यालले अलिक छेउतिर देखाउदै भन्यो- 'यता होइन मितज्यू, अलिक परतिर गएर खाऊँ, यता त माझीले देख्ला ।' स्यालको चलाखीबारे उटलाई केही थाहा हुनसकेको थिएन । हिजोदेखिको भोक उाट बारीभित्र पस्नासाथ उखु गमर्क्याउन थाल्यो । एकसुरमा गमर्क्याइरहेको थियो, त्यसबेला उसले आफ्नो छट्टु मितको पनि ख्याल गरेन । त्यसैबेला तुरुन्तै केही पर स्याल कराएको सुनियो । उटले सोच्यो उखु चपाउन सकेन, अड्कायो होला मितज्यूले र कराएको होला, त्यत्तिकैमा गाउलेहरू लाठी लिएर बारीभित्र पसे र सोझो उटमाथि लाठी वर्षाउन थाले । उट कराउदै भाग्यो । उँट स्यालदेखि सारै रिसायो । लाठीको मारले बालुवामा लम्पसार परेर सुतिरहेको थियो । स्याल पनि हस्याङ्गफस्याङ्ग गर्दै उटनिर आएर भन्यो- 'मितज्यू' तपाई यहाँ कति खेरदेखि आएर बसे ? मलाई त झण्डै माझीहरूले मारेको, भागे भेट्नै सकेनन् । 'स्याल बनावटी स्वाग गरिरहेको देखेर ऊटलाई अझ रिस उठ्यो । उसले भन्यो- 'मितज्यू' धोकेवाज होइछ । साथीले साथीलाई धोका दिनुजस्तो ठूलो पाप केही होइन, बुझेऊ ?' 'होइन मितज्यू' मेरो त खाना खानुभन्दा अगाडि गीत गाउने बानी थियो' स्यालले भन्यो । 'त पहिले नै त्यसो भनेको भए म पनि तिमीले गीत गाई सकेर मात्रै बारीमा पस्थे नि' 'उट रिसाइरहेकै थियो । कसरी साटो फेर्न सकिएला भनी उट सोचिरहेको थियो । 'लौ त उठनोस् मितज्यू' हिउदको दिन छोटो हुन्छ, अहिले एकैछिनमा मिलिक्क घाम जान्छ ।

अब लागौ आफ्नै गाउतिर । फेरि माझीहरूले थाहा पाए भने यही आएर पनि बजाउन बेर छैन' उटले भन्यो । स्याललाई पनि के थाहा उटले पनि अघिको साटो लिन्छ भनेर । उट बिस्तारै उठ्यो र केही नबोली नदीतिर लाग्यो । स्याल गएर अघि जस्तै पिठ्यूमा बस्यो र आफूलाई बाठो सम्झेर अलिअलि हास्न थाल्यो । उट नदीको बीचमा पुगिसकेको थियो । बिस्तारै बोल्यो- 'मितज्यू' तपाईको खानुभन्दा अगाडि गीत गाउने बानी रहेछ, मेरोचाहि खाइसकेपछि नुहाउने बानी छ बुझ्यो ? 'भनेर नदीमा एकपल्ट डुबुल्की मात्र मारेको थियो स्याल पानीमा चुर्लुम्म भयो । नदीको गहिराइमा उसको केही जोड चलेन । उट पारी तऱ्यो । स्याल पानी खादै, कहिले डुब्दै, कहिले खोलामा उत्रादै बगिरहेको थियो । स्यालको त्यो गति देखेर उट किनारमा उभिएर हास्न थाल्यो । साथीलाई धोका दिनुहुदैन । धोका दिएपछि उसले पनि एक न एकदिन बदला लिन्छ भन्ने कुरा पनि बिर्सनुहुँदैन ।

***-मझेरी डटकम***

निबन्ध • डा. गणेशप्रसाद भट्टराई

# मृत्युसँग प्यार

प्राणी र वनस्पतिको मृत्यु हुन्छ । तारा, ग्रह र सूर्यको पनि मृत्यु हुन्छ । विचार, भावना र आडम्बरको पनि मृत्यु हुन्छ । मृत्यु दिनैपिच्छे वा हरेक क्षण आएर मानिसलाई तर्साउने, रुवाउने र सुन्दर संसारलाई भताभुङ्ग पार्ने त्रास हो । खस्नु, मास छर्नु, सिल्टिमुर खानु, माथि जानु, जिब्रो टोक्नु, बित्नु आदि पदपदावलीले मृत्युलाई जनाउँछन् । मृत्यु परिवारको पीडा हो । मृत्यु प्राणीको त्रास हो, वनस्पतिको विनाश हो र प्रकृतिको सर्वनाश हो । मृत्युले आफूलाई पर्दा, खबर सुन्दा, प्रत्यक्ष देख्दा, पर्दा, भोग्दा त्रास र निराशा उपहार दिन्छ । आफू चाँडै नमर्ने सोच आइरहन्छ तर त्यही सोचभित्र पसेर मृत्युले सबैलाई लगिरहन्छ ।

मृत्यु जीवनको एक अंक हो तर रहस्यमय छ । रहस्यका धेरै कथा छन् तर सही उत्तर प्राप्त भएको छैन । मृत्यु अवश्यम्भावी छ तर अदृश्य छ । बिरामी परेर, ठोकिएर, जलेर, कुटिएर, लडेर, बगेर, पुरिएर, काटिएर, झुन्डिएर आदि विभिन्न तरिकाले मृत्यु हुन्छ । मृत्युपछि के हुन्छ कसैलाई थाहा छैन तर परिकल्पना अनेक छन् । मृत्युपछि आशा वा निराशा र पाप वा पुण्यका व्याख्या छन् । पुण्यले असल मृत्यु पापले खराब मृत्युलाई वरण गर्छ । साहित्य छन्, पुराण छन् । जिज्ञासा छन्, विश्वास छन् । मरेको व्यक्तिसँग गफ गरेको वा उसको आत्मासँग बोलेको सफेद अन्धता छन् । विज्ञानले नमाने पनि हरेक धर्ममा विश्वास छन् । समाजमा मृत्युका पुकार र श्राप छन् । शरीर मर्छ र आत्मा मर्दैन भन्ने विश्वास छन् । आत्मा र शरीरको तुलना र भिन्नता छन् । स्वर्ग र नरक अनि राम्रा र नराम्रा कामका सूची छन् । मृत्युका बारेमा मानिसलाई जानकारी नभए पनि मानिसका बारेमा मृत्युलाई राम्ररी थाहा छ । थाहा नभएका बारेमा जिज्ञासा राखेकाले मानिसलाई मृत्युले झस्काइरहन्छ ।

> ***समाजमा मृत्युका पुकार र श्राप छन् । शरीर मर्छ र आत्मा मर्दैन भन्ने विश्वास छन् । आत्मा र शरीरको तुलना र भिन्नता छन् । स्वर्ग र नरक अनि राम्रा र नराम्रा कामका सूची छन् । मृत्युका बारेमा मानिसलाई जानकारी नभए पनि मानिसका बारेमा मृत्युलाई राम्ररी थाहा छ । थाहा नभएका बारेमा जिज्ञासा राखेकाले मानिसलाई मृत्युले झस्काइरहन्छ । हरेक धर्मले मृत्युलाई आ-आफ्नै तरिकाले वर्णन गरेका छन् । हिन्दु धर्मले मृत्युलाई अनिवार्य ठान्छ र पुनर्जन्मको पुराण सुनाउँछ । संसारमा खुसी खोज्नु भ्रम हो, वास्तविक खुसी प्राप्त नै हुँदैन । मानिसको अन्त्य हुनै छ भने त्यसलाई खुसी ठान्न सक्नुपर्छ । मृत्यु नै अन्तिम खुसी हो । अन्मी खुसीका लागि निडर बन्नुपर्छ । आत्मा अमर छ, शरीर परिवर्तनशील छ । मृत्युपछि आत्माले स्वरूप फेर्छ वा अर्को शरीरमा प्रवेश गर्छ । मृत्यु जीवनको परम् स्वरूप हो । मृत्यु प्राकृतिक नियम हो, मोक्ष हो र धर्मको कारक पनि हो ।***

हरेक धर्मले मृत्युलाई आ-आफ्नै तरिकाले वर्णन गरेका छन् । हिन्दु धर्मले मृत्युलाई अनिवार्य ठान्छ र पुनर्जन्मको पुराण सुनाउँछ । संसारमा खुसी खोज्नु भ्रम हो, वास्तविक खुसी प्राप्त नै हुँदैन । मानिसको अन्त्य हुनै छ भने त्यसलाई खुसी ठान्न सक्नुपर्छ । मृत्यु नै अन्तिम खुसी हो । अन्मी खुसीका लागि निडर बन्नुपर्छ । आत्मा अमर छ, शरीर परिवर्तनशील छ । मृत्युपछि आत्माले स्वरूप फेर्छ वा अर्को शरीरमा प्रवेश गर्छ । मृत्यु जीवनको परम् स्वरूप हो । मृत्यु प्राकृतिक नियम हो, मोक्ष हो र धर्मको कारक पनि हो । यो अभिव्यक्तिको सर्जकको समेत मृत्यु भएकै हो र त्यो रहस्यमै रह्यो तर यसलाई प्रमाणित गर्ने वैज्ञानिकको जन्मलाई मृत्युले अझै आउनै दिएन । जे भए पनि मृत्युले संस्कार सिकायो । सत्य बोल्न सिकायो । ढाँट्न, छल्न हुन्न भन्ने सिकायो । लागूपदार्थ त्याग्न सिकायो । व्यभिचार नगर्न र दान दिन सिकायो । परोपकार गर्न सिकायो । रिस, राग, काम, क्रोध, लोभ, मोह त्याग्न सिकायो । मानव कर्मलाई मुक्तिको मार्गका रूपमा परिभाषित गरायो । मानिसलाई मानिस भएर जिउन सिकायो । संसारका सुन्दरतालाई कृतिका रूपमा सजाउन सिकायो । धर्मले कुभलो चिताउनुलाई पाप मान्यो । पाप गर्दा दु:ख पाउने र मृत्युले चाँडै आँखा लाउने कुरा पढायो । समाजले धर्म ठानेका काम गर्दा मृत्युले सम्मान गर्ने कुरा सिकायो । खराब चरित्र र कर्मले भविष्य दु:खी बन्ने कथा सुनायो । आत्माले मोक्ष प्राप्त नगरे जीवनले विश्राम गर्न नसक्ने भन्दै कर्म र सन्तुष्टिको पाठ पढायो । विज्ञान भन्छ मृत्युलाई पछाडि धकेलेर गुणस्तरीय जीवन बाँच्न सकिन्छ । कोष, तन्तु, अंग बिग्रेर मृत्यु हुने हो । शरीरका अंगले काम नगर्दा मृत्युले स्वागत गर्छ । मृत्युको त्रासले कमजोर बनाउँछ । मृत्युबोधले जीवन सार्थक बनाउँछ । मस्तिष्क, मुटु, फोक्सो, कलेजो र मिर्गौलाले काम नगर्नु मृत्यु हो । मस्तिष्कले शरीर चलाउँछ । मस्तिष्कलाई चलाउने चेतना वा अदृश्य शक्तिको अन्त्य हुनु मृत्यु हो ।

सबैको ढिलो चाँडो मृत्यु हुन्छ । मृत्युलाई असामयिक भन्ने चलन छ तर मृत्यु भएको दिन अन्तिम समय हो, मृत्यु सामयिक नै हुन्छ । मृत्युले जीवनको महत्त्व बढाउँछ । मृत्यु नभए जीवन निराश हुन्छ । रात पर्न सूर्य अस्ताउनुपरेझैँ जीवनको अनन्तता प्राप्त गर्न मृत्यु आवश्यक छ । रात नपरे दिन हुँदैन । सूर्य नउदाई उज्यालो हुँदैन । मृत्यु संसारको सुन्दरता र सृष्टिको निरन्तरता हो । सौन्दर्यको चर्चा गर्नु अस्वाभाविक होइन । खुसी, आनन्द, धन, इष्टमित्र क्षणिक छन् तर मृत्यु दीर्घकालीन छ । मृत्युका लागि आफूलाई तयार पार्नु जीवनका समस्या समाधान गर्ने उपाय हो । कसरी बाँच्ने भन्दा कसरी मर्ने भनी चिन्ता गर्नु जीवनको सार्थकता हो । मृत्यु जीवनको सुरुआत हो तर विकल्प होइन । मृत्युको विकल्प हुँदैन, यो अद्वितीय हुन्छ । सबैले स्विकार्नै पर्ने भएकाले संसारमा मृत्युभन्दा सुन्दर वस्तु अर्को छैन । मृत्युबोधले मानिसलाई असल र महान् कार्यप्रति अभिप्रेरित गर्छ । मृत्युले पुरातनलाई नवीनतामा परिणत गर्छ । मृत्यु साझा गन्तव्य मात्र होइन, यो त जीवनको आविष्कार हो । मृत्यु डर होइन यसलाई प्यार गर्नुपर्छ । प्रिय वस्तु पराई र मूल्यहीन हुँदैन । मृत्यु सास र बोली रोकिनु मात्र होइन । मानिसका व्यवहार र अभिव्यक्तिले उसको जीवन या मृत्युलाई संकेत गर्छन् । निरर्थक अभिव्यक्ति मानवीय मृत्युका सूचक हुन् । स-शरीर जिउन नसक्नु मृत्युभन्दा कठिन हुन्छ । वास्तवमा सास फेरेर पनि सबै मानिस बाँचेकै हुँदैनन् । मृत्युसँग डराउनेहरू जीवनसँग पनि डराउँछन् । मृत्युलाई प्यार गर्नेहरूले मृत्युलाई आफूभन्दा टाढा भगाउन सक्छन् । मृत्यु वरणको प्रतीक्षा गर्नेले मृत्युलाई नै जित्न सक्छन् । मर्ने कला सिकेकाहरू बाँच्ने कलामा पनि सिपालु हुन्छन् । बिउको मृत्यु नभई वृक्ष बन्दैन । अहम्को मृत्यु नभई नम्रता जन्मँदैन । नम्रता हुर्काउनेले मृत्युलाई स्विकार्नुपर्छ । अध्यात्मवादीका विचारमा मृत्यु रुखका पहेँला पात खसेसरह मात्र हो । पात झरेपछि नयाँ पात पलाएर रुख हरियो हुन्छ । मानिसले मृत्युकै कारण सन्तान जन्माउँछ र नयाँ बुद्धिका प्रजाति विकास हुन्छन् । होमोस्यापिन्सकापछि पनि मृत्युको इतिहास छ । मृत्युले संसार रित्तिँदैन, बरु रङ्गिन सृष्टिको सिर्जना हुन्छ । नयाँ इतिहासको जन्म हुन्छ । इतिहास रच्न मृत्युलाई चिन्नुपर्छ ।

बिरुवाका रूपमा मर्नेहरू खनिजका रूपमा जन्मन्छन् । पशुका रूपमा मर्नेहरू मानिस भएर पनि जन्मिन सक्छन् । मृत्यु नहुँदो हो त जन्म पनि रोकिन्छ । मृत्यु प्रकृतिको अनन्त ऊर्जा हो । विज्ञानले मृत्युलाई केही समय बढाउन सक्ला तर मृत्युलाई रोक्न सकेको छैन । मृत्युका बारेमा धेरै बहस भएका छन् तर डर अन्त्य भएको छैन । मृत्युको बहस हुनु भनेको मृत्युको अस्तित्व स्विकार्नु हो । मृत्युकै कारण मानिसको जीवन सुन्दर भएको हो । मृत्यु ! बन्धन, जटिलता, झन्झट मात्र होइन, मानिसलाई असल काममा लगाउने साधन पनि हो । मानिसले असल सोच राखेमा जीवन र मृत्यु दुवैलाई अँगाल्न सक्छ । मृत्यु रोजाइ होइन अनिवार्यता हो । शाश्वत मृत्युको धरातल नभए जीवन चम्कँदैन । मृत्युको जीवित अनुभूतिबाट मानव अस्तित्व भव्य बन्छ । मृत्यु त्रासद तर उत्प्रेरक हुन्छ । त्रासदीले मानिसलाई सचेत बनाउँछ । म मृत्युसँग प्यार गर्न चाहन्छु ।

***-साहित्यपोष्ट डटकम***

# पाल्पामा पनि सरस्वतीको पूजा गरी मनाइयो श्रीपञ्चमी



**पाल्पा,** फागुन २/विद्याकी देवी सरस्वतीको पूजाअर्चना गरी बुधबार श्रीपञ्चमी मनाइएको छ । यस दिन विद्यारम्भको मुख्य तिथि भएकाले बिहानैदेखि अभिभावकहरूले आ-आफ्ना बालबालिकालाई नजिकैका सरस्वती मन्दिर वा विद्यालयमा लगी सिसाकलम वा खरीले अक्षर लेख्न लगाउँदै अक्षरारम्भ गराए । सरस्वतीको पूजा आराधना गरी विद्यारम्भ गरे सर्वसिद्धि प्राप्त हुने भन्ने जनविश्वास रहँदै आएको छ । सोही अवसरमा पाल्पासहित देशभरका सरस्वती, देवी मन्दिर र विद्यालयहरुमा विद्याकी देवी सरस्वतीको पूजा आराधना गर्नेहरुको उल्लेख्य भीड रहेको थियो ।

पाल्पाका विभिन्न विद्यालयहरुमा नयाँ बालबालिकाहरुलाई सरस्वतीको पूजासँगै अक्षराम्भ गराइएको छ । तानसेनमा रहेको पाल्पा प्यारागन इङ्गलिस बोडिङ्ग स्कूलले नयाँ बालबालिकाहरुलाई अक्षरारम्भ गराएको छ । २ वर्षदेखि ६ वर्ष उमेर सम्मका बालबालिकाहरुलाई अक्षराम्भ गराइएको विद्यालयका प्रिन्सिपल गंगाबहादुर खत्रीले बताए । बालबालिकालाई कापी, पाटी र ल्यावटवमा लेख्न सिकाएर अक्षरारम्भ गराइएको थियो । तानसेनको न्यू होराइजन इङ्गलिस बोडिङ्ग स्कुलले पनि नयाँ बालबालिकाहरुलाई अक्षरारम्भ गराएको शिक्षक राजेन्द्र लिगलले जानकारी दिए । यस्तै अन्य विद्यालयहरुले समेत विद्यालय आउन सुरु गरेका साना बालबालिकालाई अक्षरारम्भ गराइएको विद्यालयहरुले जनाएका छन् । यस दिनलाई विद्या, बुद्धि, कला र संगीतको उन्नयनसँग गाँसिएको मौलिक पर्वका रूपमा मनाइन्छ । सरस्वती प्रकट भएको दिन अर्थात् सरस्वती जयन्ती मानेर यस दिन सरस्वतीलाई विद्याकी देवीका रूपमा पूजा-आराधना गर्ने प्रचलन वैदिककालदेखि चलिआएको हो । सरस्वती पूजाकै दिन बालबालिकाहरुले शिक्षारम्भ गर्ने र शिशुको नाक, कान छेडाउने प्रचलन छ । सो अवसरमा विद्यालयहरूले सरस्वती पूजा कार्यक्रम गरेका छन् । संगीत प्रशिक्षणको सुरुवात पनि यसै दिन गर्दा राम्रो हुन्छ भन्ने विश्वास छ । ज्ञानका स्रोत मानिने पुस्तकसहित संगीतका वाद्ययन्त्र तथा रंग-कलाका साधनलाई समेत सरस्वतीकै स्वरूप मानेर पूजा गर्ने परम्परा छ ।

## खेलकुद समाचार

### सेमिफाइनलमा नेपालको प्रतिद्वन्द्वी मलेसिया

**काठमाडौं,** फागुन २/नेपाली टोली मलेसियामा जारी एसीसी महिला प्रिमियर कप क्रिकेट प्रतियोगिताको सेमिफाइनलमा पुगेको छ । बुधबार खेलिएको क्वाटरफाइनल खेलमा कुवेतलाई 'डकवर्थ एन्ड लुइस' नियमका आधारमा आठ विकेटले हराउँदै नेपाल सेमिफाइनलमा पुगेको हो । नेपालले सेमिफाइनलमा मलेसियाको सामना गर्नेछ । मलेसिया भने बुधबार नै खेलिएको अर्को क्वार्टरफाइनल खेलमा जापानलाई १६ रनले पराजित गर्दै प्रतियोगिताको सेमिफाइनलमा पुगेको हो । टस जिती पहिले ब्याटिङको निर्णय लिएको कुवेतले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर ७३ रन बनाएको थियो । त्यसपछि वर्षाका कारणले नेपालले १२ ओभरमा ५० रन बनाउनुपर्ने नयाँ लक्ष्य पाएको थियो । जवाफी ब्याटिङमा ओर्लिएको नेपालले ६.५ ओभरमै केवल दुई विकेट गुमाएर विजय लक्ष्य पुरा गरेको थियो । नेपालका लागि कप्तान इन्दु बर्माले अविजित २२ रन बनाइन् ।

## कर्पोरेट/अर्थ समाचार

### ग्लोबल बैंकको सहुलियत ब्याजदरमा घर कर्जा




**पाल्पा,** फागुन २/ग्लोबल आइएमई बैंकले विशेष घर कर्जा योजना सार्वजनिक गरेको छ । बैंकले सस्तो तथा सरल किस्ताबन्दीमा घर निर्माण तथा खरिदलाई लक्षित निश्चित आवास योजना (घर कर्जा) सार्वजनिक गरेको हो ।

बैंकले १० वर्षसम्मको अवधिका लागि ९.९९ प्रतिशत स्थिर ब्याजदरमा अधिकतम १२ करोड रूपैयाँसम्म कर्जा उपलब्ध गराउने गरी योजना ल्याइएको जनाएको छ । योजना अन्तर्गत अन्य बैंक तथा वित्तीय संस्थाबाट कर्जा उपभोग गरिरहेकाले सहज रूपमा कर्जा सार्न समेत सक्नेछन् । यो योजना अन्तर्गत सेवाग्राहीले १० वर्षसम्मको अवधिका लागि ९.९९ प्रतिशत ब्याजदरमा, १० देखि १५ वर्षसम्मको लागि १०.४९ प्रतिशत र १५ वर्षभन्दा बढी अवधिका लागि १०.९९ प्रतिशतको स्थिर ब्याजदरमा १२ करोड रूपैयाँसम्म घर कर्जा लिन पाउने छन् । बैंकले ग्राहकलाई छिटो, छरितो एवं सहज रूपमा कर्जा प्रवाह गर्ने उद्देश्यले आवश्यक कागजात पेस गरेको २ कार्य दिनभित्र कर्जा प्रवाह गर्नेछ । ग्राहकले देशैभरका सबै शाखाबाट यो सुविधा उपभोग गर्न सक्ने बताइएको छ । यो योजना सीमित अवधिका लागि रहने बैंकको भनाइ छ । आफ्ना ग्राहकको सुविधालाई मध्यनजर गर्दै बैंकले वर्षेनी यस्तो सरल दरमा सहज किसिमको कर्जा योजना ल्याउने गरेको छ । बैंकले ३५५ शाखा, ३७६ एटीएम, २७४ शाखा रहित बैंकिङ्ग सेवा, ६५ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा वैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी १,१०० भन्दा बढी सेवा केन्द्रबाट ४६ लाख भन्दा बढी ग्राहकहरुमाझ उत्कृष्ट सेवा प्रदान गरिरहेको छ । यसका मुलुकका ७७ वटै जिल्लामा शाखा सञ्जाल रहेको छ । यो निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो ।

बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेको छ ।

## जिप दुर्घटनाका...

... दुर्घटनामा अत्याधिक रगत बगेका विरामीहरु तथा शल्यक्रिया गर्नुपर्ने विरामीहरुको लागि सामाजिक सञ्जाल मार्फत रगत आवश्यकताको सूचना पोष्ट गरिएको थियो । तत्कालै विरामीहरुको लागि आवश्यक रगतको जो हो गर्न अस्पतालमै पुगेर, प्रहरी, सर्वसाधारण तथा आफन्त गरी २७ जनाले रक्तदान गरेका छन् ।

घाइतेहरुलाई जुनसुकै समयमा पनि रगतको आवश्यकता पर्ने भएकाले रेडक्रस पाल्पाले सबैपक्षलाई परिचालन गरी आपतकालीन रक्तदान कार्यक्रम सञ्चालन गरेर जीवन बचाउने काममा लागेको रेडक्रसका जिल्ला सभापति बाबुराम कार्कीले बताए । डुम्रेबाट तिनाउ गाउँपालिका - ६ चिदिस शिखरडाँडा जादै गरेको लु १ ज २३७१ नम्वरको यात्रुवाहक जिपमा मंगलबार बेलुका ५ बजेति दुर्घटना हुँदा १० जनाको मृत्यु भएको छ भने १८ जना घाईते भएका थिए । घाइतेको लुम्बिनी मेडिकल कलेज प्रभासमा उपचार भईरहेको छ ।

Lumbini Province Government
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate

**Road Infrastructure Development Office**
Palpa

# Invitation for Online Bids

***First date of publication: 15th February, 2024 (3rd Falgun, 2080)***

Road Infrastructure Development Office (RIDO), Palpa invites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following work Under Sealed Quotation system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

**Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank: Rastriya Banijya Bank Ltd., Palpa
Name of the Office: Road Infrastructure Development Office, Palpa
Office Code No: 3370150015 (Dharauti and Rajaswa)
Rajaswa Shrishak No: - 14229; Rajaswa Account No.: 1000200010000
Last Date of Bid Purchase and Submission:2080/11/18 (1st March, 2024),12:00 Hrs
Bid Document Fee (NRs.): 1,000/-. Bid Validity Period: 45 days

| S.N. | Name of Project | Contract Identification | Fee of Bid Doc. (NRs.) | Estimate Amount (excluding VAT & Contingencies (NRs.) | Bid security (NRs.) |
|---|---|---|---|---|---|
| 1 | Upgrading of Surumdanda Thamka Kityani Bhangyangthok Road | RIDO-PAL-W-SQ-86-2080/081 Re | 1,000.00 | 8,54,593.90 | 23,500 |
| 2 | Upgrading of Pachsaye Officetole Bardale Nagdhunga Manbhaga to Nahar Dhik Road | RIDO-PAL-W-SQ-87-2080/081 Re | 1,000.00 | 8,54,413.09 | 23,500 |
| 3 | Upgrading of Sanipipal Pakluwa Road, Tansen-7 Sikhardada | RIDO-PAL-W-SQ-91-2080/081 Re | 1,000.00 | 8,53,328.05 | 23,500 |
| 4 | Upgrading of Madi Chakrapath, Palpa | RIDO-PAL-W-SQ-92-2080/081 Re | 1,000.00 | 8,54,462.91 | 23,500 |
| 5 | Upgrading of Dumaripata-Damrai Motorbato, Rainadebi Chhahara-01 | RIDO-PAL-W-SQ-96-2080/081 Re | 1,000.00 | 8,54,268.56 | 23,500 |
| 6 | Upgrading Of Batase- Mainadi Road Palpa | RIDO-PAL-W-SQ-97-2080/081 Re | 1,000.00 | 8,54,608.00 | 23,500 |
| 7 | Upgrading Of Bulthok Dhir Bhanjyang Deurali sadak, Palpa | RIDO-PAL-W-SQ-101-2080/081 Re | 1,000.00 | 8,54,424.69 | 23,500 |
| 8 | Upgrading of Bagnaskali Ga. Pa.-02 Office Building Newpane Bari Kaini Khola Amarai to Aryabhanjyang Joining to Siddharth Marg | RIDO-PAL-W-SQ-103-2080/081 Re | 1,000.00 | 8,54,508.18 | 23,500 |
| 9 | Upgrading of Pokharathok Dhaden Chhatiban Motorbato Bagnaskali-02 | RIDO-PAL-W-SQ-104-2080/081 Re | 1,000.00 | 8,54,216.44 | 23,500 |
| 10 | Upgrading Of Aaryabhangyang Muslang Khola Motorbato Bagnaskali-02 | RIDO-PAL-W-SQ-105-2080/081 Re | 1,000.00 | 8,54,685.68 | 23,500 |
| 11 | Upgrading of Dalliaap Kaligandaki Corridor to Kaligandaki Pakki Bridge road | RIDO-PAL-W-SQ-109-2080/081 | 1,000.00 | 10,51,889.10 | 28,500 |
| 12 | Upgrading of Archale Sisaghat Road, Nisdi 6 | RIDO-PAL-W-SQ-110-2080/081 | 1,000.00 | 8,54,697.00 | 23,500 |
| 13 | Upgrading of Darsingbhangyang Panginu Reche Road, Purbakhola 1 | RIDO-PAL-W-SQ-111-2080/081 | 1,000.00 | 8,54,618.76 | 23,500 |
| 14 | Upgrading of Deurali Kamere Road Baganaskali 7 | RIDO-PAL-W-SQ-112-2080/081 | 1,000.00 | 8,54,593.37 | 23,500 |
| 15 | Upgrading of Mauwakharak to Uprate tole Road Baganaskali 7 | RIDO-PAL-W-SQ-113-2080/081 | 1,000.00 | 8,54,564.16 | 23,500 |
| 16 | Upgrading of Rambagaicha Chaapkhola Alaiche Rameche Motorbato Baganaskali 7 | RIDO-PAL-W-SQ-114-2080/081 | 1,000.00 | 8,54,430.34 | 23,500 |
| 17 | Upgrading of Tokse Mandran Sadak | RIDO-PAL-W-SQ-115-2080/081 | 1,000.00 | 17,10,128.88 | 46,500 |
| 18 | Upgrading of Palpa Batase Dabaka Fek Budikot to Ranibagiya Road | RIDO-PAL-W-SQ-116-2080/081 | 1,000.00 | 8,54,502.92 | 23,500 |
| 19 | Upgrading of Byaraik Gate dekhi Jaisechaupari Road, Tansen-6, Palpa | RIDO-PAL-W-SQ-117-2080/081 | 1,000.00 | 853,426.89 | 23,500 |

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई